आज मिति २०७७ साल जेष्ठ ०९ गते शुक्रबारको दिन विहान ७:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

आमन्त्रित

२५. कृति बहादुर वि.के. सं.ले.पा.

२६. मानलाल ढकाल - लेखापाल

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

मिति : २०७७।०२।०९ गतेको वैठकका निर्णयहरु

## प्रस्तावहरु

१. शोक प्रस्ताव सम्वन्धमा ।

२. कोरोना संक्रमण, नियन्त्रण रोकथाम तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७७ सम्वन्धमा ।

३. योजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

४. आर्थिक वर्ष २०७७।७८ को लागि योजना छनौट सम्वन्धमा ।

५. आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम सम्वन्धमा ।

६. रकमान्तर गर्ने सम्वन्धमा ।

७. आर्थिक सहायता सम्वन्धमा ।

८. वैंक सञ्चालनको लागि अनुरोध सम्वन्धमा ।

## नगर कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १: नलगाड नगरपालिका कृषि विकास शाखामा कार्यरत शाखा प्रमुख श्री वालकृष्ण आचार्यका पिता श्री सुरेन्द्र प्रसाद आचार्यको ७५ वर्षको उमेरमा मिति २०७७।०२।०८ गते निधन भएकोले हार्दिक श्रदाञ्जली सहित शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नोभल कोरोना भाईरस (COVID १९) संक्रमण, नियन्त्रण, रोकथाम तथा उपचार सम्वन्धी कार्यमा प्रयोग गरिने औषधी, उपकरण, उपचार सामग्रीको आपूर्ति, संक्रमित व्यक्तिहरुको व्यवस्थापन, COVID १९ रोकथाम तथा नियन्त्रण सम्वन्धी प्रचार प्रसार, कोरोनाको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मीको जोखिम भत्ता, औषधी उपचार खर्च लगायत असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत वितरणमा कानुनी आधार प्रदान गर्न कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नोभल कोरोना भाईरस (COVID १९) को संक्रमणको कारणबाट नलगाड नगरपालिका उच्च जोखिममा रहेकोले आन्तरिक राजश्व, समानीकरण अनुदान र राजश्व बाँडफाँटबाट सञ्चालित भई आ.व. २०७६।७७ मा आर्थिक तथा प्राविधिक रुपमा निर्माण सम्पन्न गर्न कठिनाई हुने योजनाहरुलाई आर्थिक वर्ष

तपशिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकमान्तर रु. | जम्मा बजेट रु. |
|---|---|---|---|---|
| १. | डाँडामाथि मेला व्यवस्थापन योजना | वडा नं. ११ | १,००,०००।० | १,००,०००।० |
| २. | चौखा ल.ज.वि. फलामे पोल खरिद योजना | वडा नं. ११ | १,००,०००।० | १,००,०००।० |
| ३. | खेलकुद प्रतियोगिता सञ्चालन | वडा नं. ११ | ५०,०००।० | ५०,०००।० |
| ४. | गरानी खोला काठेपुल तथा घो.वा. मर्मत | वडा नं. ११ | १,५०,०००।० | १,५०,०००।० |
| | **जम्मा रु.** | | **४,००,०००।०** | **४,००,०००।०** |

(ग) नलगाड नगरपालिका वडा नं. २, वडा नं. ६ र वडा नं. १२ को वडा कार्यालयको भवन निर्माण योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन प्रक्रियामा रहेको र उक्त योजनाको बजेट आर्थिक वर्ष २०७६।७७ मा पूर्ण रुपमा खर्च हुन नसक्ने भएकोले आर्थिक वर्ष २०७७।७८ को सभाबाट सोही योजनाको लागत अनुमान बमोजिम बजेट विनियोजन हुने गरी तपशिल बमोजिम योजनाहरु निर्माण गरी कार्यान्वयनको लागि रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकमान्तर रु. | कुल बजेट रु. |
|---|---|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र एक्सरे भवन निर्माण | वडा नं. ७ | ११,००,००० | ११,००,००० |
| २. | स्वास्थ्य र विद्यालय भवन मर्मत योजना | वडा नं. १२, ७ | २,५०,००० | २,५०,००० |
| ३. | धारा र शौचालय निर्माण योजना | वडा नं. २ र ५ | १,२०,००० | १,२०,००० |
| ४. | टट्टा देखि हरेचौर सम्म घोरेटो बाटो निर्माण | वडा नं. ३ | ३,००,००० | ३,००,००० |
| ५. | गारकम्द कोरिन्चे माईथान घो. बाटो निर्माण योजना | वडा नं. ८ | ९०,००० | ९०,००० |
| ६. | वडा कार्यालय भवन रंगरोगन तथा मर्मत योजना | वडा नं. १० | २,५०,००० | ५,५०,००० |
| ७. | पिउलीखोला तल्लोपिउली घोरेटो बाटो निर्माण योजना | वडा नं. ६ | २,००,००० | २,००,००० |
| | **जम्मा रु.** | | **२३,१०,०००** | **२६,१०,०००** |

(घ) नलगाड नगरपालिका वडा नं. ३ को कैना कट्के विद्युत लाईन विस्तार योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुन नसक्ने देखिएकोले उक्त योजनाबाट तपशिल बमोजिम योजनाहरु निर्माण गरी तपशिल बमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७४

प्रमुख प्रशासकीय अधिकृत

तपशिल

| क.स. | योजनाको नाम | स्थान | रकमान्तर रु. | कुल बजेट रु. |
|---|---|---|---|---|
| १. | टट्टा देखि हरेचौर सम्म घोरेटो बाटो निर्माण | वडा नं. ३ | ३,००,०००।० | ३,००,०००।० |
| | **जम्मा रु.** | | **३,००,०००।०** | **३,००,०००।०** |

(ङ) नलगाड नगरपालिका वडा नं. ११ टिमुरका विरुवा खरिद तथा वृक्षारोपन योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुन नसक्ने देखिएकोले उक्त योजनाबाट तपशिल बमोजिम योजनाहरु निर्माण गरी तपशिल बमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | योजनाको नाम | स्थान | रकमान्तर रु. | कुल बजेट रु. |
|---|---|---|---|---|
| १. | तल्लुछहरा सडक मर्मत योजना | वडा नं. ११ | ६०,०००।० | ६०,०००।० |
| | **जम्मा रु.** | | **६०,०००।०** | **६०,०००।०** |

(ङ) नलगाड नगरपालिका वडा नं. ७ को सरस्वती प्रा.वि. भवन निर्माण योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुन नसक्ने देखिएकोले उक्त योजनाबाट तपशिल बमोजिम योजनाहरु निर्माण गरी तपशिल बमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | योजनाको नाम | स्थान | रकमान्तर रु. | कुल बजेट रु. |
|---|---|---|---|---|
| १. | दल्ली विद्युत आयोजनाको पावर हाउस मर्मत तथा लाईन विस्तार योजना | वडा नं. ७ | ५,००,०००।० | १०,००,०००।० |
| | **जम्मा रु.** | | **५,००,०००।०** | **१०,००,०००।०** |

(च) संघिय सरकारको ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (३६५०१८०१) कोड नं. ६.२.२.६ को कच्ची सडक निर्माणको रु. १०,७५,०००।० अक्षरुपी दशलाख पचहत्तर हजार बजेट **नलगाड नगरपालिका वडा नं. ४ को बाउसेखोला देखि खाल्चौरसम्मको सडक मर्मत तथा निर्माण योजनामा** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(छ) संघिय सरकारबाट यस नलगाड नगरपालिकामा शसर्त अनुदान वापत प्राप्त राष्ट्रिय ग्रामीण नवीकरणीय उर्जा कार्यक्रम (३०८०१०४) को रु. १८,५०,०००।० अक्षरुपी अठार लाख पचास हजार बजेट नलगाड नगरपालिका वडा नं. ६ को गर्छिना, पिउली, भारगाउँ लगायतको गाउँहरुमा **सोलार खरिद तथा वितरणको** लागि विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ज) नलगाड नगरपालिका वडा नं. ३ को उमेरपाखा कार्कीमेला घोरेटो बाटो निर्माण तथा मर्मत योजनाको लागि समपुरक रकम शीर्षकबाट रु. ३,५०,०००।० अक्षरुपी तीन लाख पचास हजारमात्र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(झ) नलगाड नगरपालिका वडा नं. १३ को श्री लक्ष्मी प्रा.वि. सिउनको शौचालय निर्माणको योजनाको लागि समपुरक रकमबाट रु. ४,००,०००।० अक्षरुपी चार लाख विनियोजन भएकोमा अनुमोदन गरी शौचालयको निर्माण कार्य सम्पन्न भएकोले भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिकाको चालुगत खर्चको आकष्मिक कोषबाट औषधी उपचारको लागि तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | नामथर | ठेगाना | बाबु/आमाको नाम. | रकम रु. |
|---|---|---|---|---|
| १. | मनिषा वि.क. | नलगाड न.पा. ६ जाजरकोट | श्री कल बहादुर वि.क./ श्री गोपी कुमारी वि.क. | ५०,०००।० |
| २. | कोपिला वि.क. | नलगाड न.पा. १२ जाजरकोट | श्री रते कामी /श्री विष्णु वि.क. | २०,०००।० |
| **जम्मा रु.** | | | | **७०,०००।०** |

**निर्णय नं. ८:** कोरोना भाईरस संक्रमणको कारणले नेपाल सरकारले लकडाउन गरेको अवस्थामा यस नगरपालिकाको दैनिक सेवा प्रवाह र विकास निर्माणका कामहरु निरन्तर सुचारु गर्नुपर्ने भएकोले आर्थिक कारोवारसंग जोडिएका दैनिक सेवा प्रवाहका कार्यहरुमा सहजीकरण गर्न र विभिन्न विकास निर्माणका योजनाहरु समयमै सम्पन्न गर्नको लागि भिडभाड नगरी, सामाजिक दुरी कायम गरी नलगाड नगरपालिका वडा नं. ७ मा रहेको एन.आई.सी. वैंक शाखा कार्यालय दल्लीको वैकिंग कारोवार मिति २०७७ जेष्ठ मसान्तसम्म प्रत्येक हप्ताको आईतवार, सोमवार र विहिबार ३ दिन गर्नको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

६

प्रमुख प्रशासकीय अधिकृत